अनुसूचि-३

उच्च सरकारी वकील कार्यालय नेपालगंज

कार्यक्रमको संक्षिप्त प्रतिवेदन

१. कार्यक्रमको नामः समुदाय र सरकारी वकील विच अन्तरक्रिया कार्यक्रम।

२. कार्यक्रम संचालन स्थानः श्री त्रिभुवन मा.वि., कोहलपुर।

३. कार्यक्रमको अवधीः १ दिन

४. मितिः २०८३।०३।०४

५. सहभागी संख्याः ७७ पुरुषः ३७ महिनाः ४०

६. कार्यक्रम संयोजन

क) संयोजकः उपन्यायाधिवक्ता श्री कर्णबहादुर बुढा क्षेत्री उच्च सरकारी वकील कार्यालय नेपालगंज।

७.कार्यक्रमको उद्देश्यः

- सरकारी वकील कार्यालयका काम कारवाही तथा मुलुकी फौजदारी संहिता, २०७४ तथा फौजदारी कार्यविधि संहिता, २०७४ तथा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ लगायतका बारेमा सामान्य जानकारी गराउने
- सरकार वादी मुद्दाको काम कारवाहीमा समुदायको भूमिकाको बारेका सचेतना जगाउने।
- सरकारी वकीलको कामकारवाही र सरकार वादी मुद्दाको सम्बन्धमा उठेका जिज्ञासाको सम्बोधन गर्ने।
- अपराध पीडितको अधिकार संरक्षण गर्न र पीडितलाई न्याय दिलाउन सरकारी वकीलको भुमिकाको बारेमा प्रष्ट पार्ने,
- सरकार वादी मुद्दाको अनुसन्धान, अभियोजन र फैसला सम्मको प्रक्रियाको बारेमा समुदायलाई जानकारी गराई सरकारी मुद्दा सम्बन्धी काम कारवाहीमा समुदायको सहयोग प्राप्त गर्ने वातावरण निर्माण गर्ने।

७. सहकार्य भएको निकाय वा संस्थाः जिल्ला सरकारी वकील कार्यालय, बाँके।

८. **आसन ग्रहण र उपस्थिति :-**

श्री उच्च सरकारी वकील कार्यालय नेपालगन्जका उपन्यायाधिवक्ता श्री कर्णबहादुर बुढाक्षेत्री ज्यूको अध्यक्षतामा तपसिलमा उल्लिखित मानिसहरुको उपस्थितिमा समुदायमा सरकारी वकील कार्यक्रम सञ्चालन गरिएको थियो।

१. श्री कर्णबहादुर बुढाक्षेत्री— अध्यक्ष (उपन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय नेपालगन्ज)

२. श्री मणि प्रसाद गैरे- प्रमुख अतिथि (श्री त्रिभुवन मा.वि.कोहलपुरका शिक्षक)

३. श्री मोहनी प्रसाद जोशी- अतिथि (जिल्ला न्यायाधिवक्ता जि.स.व.का.बाँके)

४. श्री रमा अर्याल- नायव सुब्बा उ.स.व.का. नेपालगंज

५. श्री पुर्णबहादुर कटुवाल - कार्यक्रम संचालक (नायव सुब्बा) उच्च सरकारी वकील कार्यालय नेपालगंज।

६. सतिश चौधरी- खरिदार जिल्ला सरकारी वकील कार्यालय बाँके।

९. प्रस्तुत भएका विषयहरु र प्रस्तुतकर्ता :-

जिल्ला न्यायाधिवक्ता श्री मोहनी प्रसाद जोशीले प्रस्तुत गर्नु भएका मुख्य मुख्य विषयहरुः

कार्यक्रमको औचित्य माथि प्रकाश पार्दै सरकारी वकील र सरकारी वकील कार्यालयका काम कारवाहीका बारेमा जानकारी गराउनुका साथै मुलुकी अपराध संहिता, २०७४ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ तथा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ लगायतका बारेमा जानकारी गराउँदै स्वागत गर्नु भएको थियो । साथै सरकारी वकील र समुदाय विचको अन्तरसम्बन्ध, बालबालिका विरुद्धको कसूर, मानव बेचविखन तथा ओसारपसार सम्बन्धी कसूर, सडक दुर्घटना सम्बन्धी कानूनी व्यवस्था, बालविवाहको कसूर र सजाय, बहुविवाहको कसूर र सजाय, जबरजस्ती करणी सम्बन्धी कसुर र सजाय, यौनजन्य दुर्व्यवहार, Cyber crime लगायतका विषयमा सामान्य रुपमा आफ्नो धारणा प्रस्तुत गर्नु भएको थियो ।

उपन्यायाधिवक्ता श्री कर्णबहादुर बुढाक्षेत्रीले प्रस्तुत गर्नु भएका मुख्य मुख्य विषयहरुः
कार्यक्रमको उद्देश्य र उच्च सरकारी वकील कार्यालयको काम कारवाही बारेमा उल्लेख गर्दै उच्च सरकारी वकील कार्यालयको भुमिका, सरकारी वकीलय कार्यालय र समुदायको अन्तरसम्बन्ध, अपराध अनुसन्धानमा नागरिकको भुमिका बारे धारणा राख्दै लागुऔषध सम्बन्धी मुद्दामा रहेको कानूनी व्यवस्था, त्यसले व्यक्ति, परिवार र समाजलाई पार्ने नकारात्मक असरको बारेमा विस्तृतरुपमा प्रष्ट पार्दै खुला छलफलका लागि सहभागिहरुलाई जिज्ञासा राख्न सहजिकरण गर्नु भएको थियो ।

१०. विद्यार्थीहरुबाट छलफलमा उठेका मुख्य मुख्य विषयहरु :-

क. आकृति बोहोराः दाईजो प्रथा सम्बन्धमा के-कस्तो कानूनी व्यवस्था छ?

ख. करुणा न्यौपानेः बालविवाह सम्बन्धमा के कस्तो कानूनी व्यवस्था छ यसलाई निरुत्साहित के कसरी गर्न सकिन्छ। साथै बिहेपूर्वसंगै बसेका जोडीहरुको विवाह कायम हुन्छ वा हुदैन?

ग. रोशन बमः हाड नाता करणी सम्बन्धमा रहेको कानूनी व्यवस्था बारे जिज्ञासा राख्नुभएको।

घ. राहुल वि.क.- के कस्तो पदार्थलाई लागुऔषध भनिन्छ र यसको सेवन तथा कारोबार सम्बन्धमा के कस्तो कानूनी व्यवस्था रहेको छ ।

ङ. अन्जु बोहोराः अश्लिल भिडियो पठाउने, जथाभावी SMS गर्ने , अरुको शरिरको फोटोमा सामान्य केटीहरुको अनुहार जोडेर नग्न तस्विर बनाउने ब्ल्याकमेल गरी यौन शोषण गर्नेलाई के कस्तो सजाय हुन्छ र त्यस्ताको उजुरी कहाँ दिनुपर्छ।

च. भुमिका पाण्डेः सरकारी वकीलको काम कर्तव्य सम्बन्धमा र बालबालिकाले आफुलाई परेको हिंसा सम्बन्धमा कसरी न्याय प्राप्त गर्न सक्छन भन्ने जिज्ञासा राखु भएको थियो ।

छ. विकास मल्लः समुदायमा बालयौन दुरुपयोग, बालबालिका तथा महिला हिंसा जस्ता घटनाहरु घटिरहेको भएतापनि पीडितले न्याय पाउन नसक्नुको कारण र पिडितलाई न्याय प्रदान गर्न के-कुन कसरी न्यायिक प्रक्रिया अपनाउनु पर्ने हुन्छ भन्ने सम्बन्धमा जिज्ञासा राखु भएको ।

ज. अंकित थापाः के-कुन अवस्थामा जाहेरवाला समेतलाई सजाय हुन सक्छ भन्ने सम्बन्धमा जिज्ञासा राखुभएको थियो।

कार्यक्रमका प्रमुख अतिथि त्रिभुवन मा.वि.कोहलपुरका शिक्षक मणि प्रसाद गैरेले समाजमा घट्ने अपराधलाई कानुनी दायरामा ल्याउन तथा पीडकलाई सजाय र पीडितलाई न्याय प्रदान गरी अपराध मुक्त समाज निर्माणमा आफ्नो सधै साथ र सहयोग हुने प्रतिवद्धताकासाथ समुदायमा सरकारी वकील कार्याक्रमको आफ्नो विद्यालयमा संचालन गरीदिनु भएकोमा धन्यवाद ज्ञापन गर्नु भएको थियो। अगामी दिनहरुमा पनि यस्तै कानूनी सम्बन्धी सचेतनामूलक कार्यक्रम संचालन हुनेमा आशावादी रहेको भन्नुभयो।

अन्त्यमा सहभागीबाट छलफलका क्रममा उठेका विषयबस्तुहरु माथि प्रकाश पार्दै कार्यक्रमका अध्यक्ष उपन्यायाधिवक्ता श्री कर्णबहादुर बुढाक्षत्रीज्यूले कार्यक्रम आयोजना गर्न सहयोग पूर्याउने त्रिभुवन मा.वि. कोहलपुर, बाँके परिवार तथा कार्यक्रममा सक्रिय सहभागी भएकोमा उपस्थित सम्पूर्ण विद्यार्थी भाईबहिनीहरुलाई धन्यवाद व्यक्त गर्दै स्थानीय जनतामा कानूनी प्रक्रियाको बारेमा जानकारी भएमा मात्र सभ्य सुव्यस्थित समाज निमार्ण गर्न सकिने हुँदा कानुनको बारेमा बुझ्नु, मान्नु हामी सबैको कर्तव्य र दायित्व हो। स्थानिय समाज, अनुसन्धान निकाय र अभियोजन निकाय विच समन्वय, सहकार्य हुनु पर्ने साथै फौजदारी मुद्दाका विषयमा आफुलाई थाहा भएको जानकारी समुदायका व्यक्तिले सही सूचना दिएर अनुसन्धानलाई सहयोग गर्नुपर्ने र अनुसन्धान पछि अदालती न्यायिक प्रक्रियामा समेत आवश्यक थप सहयोग भए मात्र अपराधी कानुनको दायराबाट उम्कन नसक्ने र पीडितले न्याय पाउने हुँदा न्याय सम्पादनमा समुदायको भुमिका महत्वपूर्ण रहने हुन्छ तसर्थ यस कार्यक्रमबाट आफुले बुझेका सिकेका कुरा व्यवहारमा लागु गर्न गराउन सबैलाई अनुरोध गर्दै कार्यक्रम सम्पन्न भएको जानकारी गराउनुभयो।

१०. मुख्य उपलब्धीहरुः

क. समुदायलाई सरकारी वकील कार्यालयको संगठित संरचना, काम कारबाहीका बारेमा जानकारी प्राप्त भएको।

ख. फौजदारी अपराध तथा सोले निर्धारण गरेको सजायका बारेमा तथा विद्यमान कानूनको सामान्य जानकारी गराई कानूनको पालना गर्ने सन्दर्भमा सचेत गराउने अवसर प्राप्त भएको ।

ग. समुदायसँग प्रत्यक्ष सरोकार राख्ने कानून व्यवस्थाको बारेमा सहभागीमा सचेतना बृद्धि भएको।

११.सहभागिहरुको सुझावः सरकारी वकील कार्यालयका काम कारवाही तथा फौजदारी कानून तथा त्यससंग सम्बन्धित मुद्दाका विषयमा जानकारी प्राप्त भएको साथै आफ्ना जिज्ञासा समेत मेटिने हुँदा आगामी दिनमा पनि यस्ता कार्यक्रमहरु संचालन हुनुपर्ने ।

१२.आयोजकको अनुभवः समुदायसंग स्थानिय स्तरमा गएर कार्यक्रम गर्दा कानूनी विषयमा साथै नयाँ कानूनका प्रावधानका बारेमा उनिहरुलाई जानकारी प्रदान गर्न पाएकोले यस्ता कार्यक्रमले समुदायका मानिसहरु कानूनी प्रक्रियाका बारेमा जानकार भई अपराध अनुसन्धान तथा न्याय सम्पादनमा समेत सहयोग पुग्ने देखिएकोले यस्ता कार्यक्रमहरुलाई अझ प्रभावकारी रुपमा निरन्तर रुपमा गर्दै जानुपर्ने देखिन्छ ।

प्रतिवेदकको :

दस्तखत :-

नाम :- रमा अर्याल

पूर्ण बहादुर कटुवाल

पद :- नायव सुब्बा

कार्यालय :- उ.स.व.का.बाँके।

मिति :- २०८३/०३/०४ गते